## बैठक संख्या - ८

**मिति २०८२/०९/२० गतेको गाउँकार्यपालिका आठौं बैठकका प्रस्तावहरु**

१. गाउँकार्यपालिकाको अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. गाउँसभाको १८ औं अधिवेशनको मिति, समय र स्थान तय गर्ने सम्बन्धमा ।

३. गाउँसभाको १८ औं अधिवेशनमा पेश गर्ने प्रस्तावहरु सम्बन्धमा ।

  १. चालु आ.व. २०८२/०८३ को हालसम्मको आय-व्यय प्रगती समिक्षा सम्बन्धमा ।

  २. गढवा गाउँपालिकाको स्थानीय भूमि विधेयक, २०८२, गढवा गाउँपालिकामा तिनपाङ्ग्रे सवारी साधान व्यवस्थापन सम्बन्धी विधेयक, २०८२, गढवा गाउँपालिकाको खानेपानी तथा सरसफाई व्यवस्थापन सम्बन्धी विधेयक, २०८२ र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व विधेयक, २०८२ गाउँसभामा प्रस्तावको रुपमा पेश गर्ने ।

  ३. चालु आ.व. २०८२/०८३ मा कार्यपालिका वैठकवाट हालसम्म भएका सम्पूर्ण निर्णयहरुको समर्थन सम्बन्धमा ।

  ४. चालु आ.व. २०८२/०८३ को वजेट किताबमा भएका विभिन्न योजना तथा कार्यक्रमहरु रकमान्तर तथा संशोधन गर्ने सम्बन्धमा ।

  ५. सेवा करार कर्मचारीको म्याद थप सम्बन्धमा ।

४. मेडिकल अधिकृतको प्रोत्साहन सम्बन्धमा ।

५. गत आ.व. २०८१/०८२ को मलेपको लेखापरिक्षणको प्रारम्भिक प्रतिवेदन सम्बन्धमा ।

६. नदिजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा ।

७. संघीय समपूरक अनुदानको लागि योजना छनौट गर्ने सम्बन्धमा ।

८. संघीय विशेष अनुदानको लागि योजना छनौट गर्ने सम्बन्धमा ।

९. प्रदेश समपूरक अनुदानको लागि योजना छनौट गर्ने सम्बन्धमा ।

१०. प्रदेश विशेष अनुदानको लागि योजना छनौट गर्ने सम्बन्धमा ।

११. नवप्रवर्तन साझेदारी परियोजनाको लागि योजना माग गर्ने सम्बन्धमा ।

१२. विविध विषय सम्बन्धमा ।

यज्ञ नारायण शर्मा पोखेल
अध्यक्ष

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**<u>निर्णय नम्बर १</u>**

यस गढवा गाउँपालिकाको मिति २०८२/०८/२३ गते बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश भएका सम्पूर्ण निर्णयहरु र ती निर्णयहरुको सफल कार्यान्वयनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

**<u>निर्णय नम्बर २</u>**

यस गढवा गाउँपालिका गाउँसभाको १८ औं अधिवेशनको बैठक यही मिति २०८२/०९/२७ गते, समय बिहान ११ बजे र स्थान गढवा गाउँपालिकाको सभाहलमा बस्ने र सोही अनुसार सम्पूर्ण सभा सदस्यहरुलाई जानकारी गराउने निर्णय गरियो ।

**<u>निर्णय नम्बर ३</u>**

यस गढवा गाउँपालिकाको गाउँसभाको १८ औं अधिवेशनमा तपशिल बमोजिमका प्रस्तावहरु बैठकमा छलफल गरी पेश गर्ने निर्णय गरियो ।

१. चालु आ.व. २०८२/०८३ को बजेट र नीति तथा कार्यक्रमको समिक्षा र चालु आ.व. २०८२/०८३ को हालसम्मको आय र व्ययको प्रतिवेदन सम्वन्धी आवश्यक विवरण तथा प्रतिवेदन तयार गाउँसभामा प्रस्तावको रुपमा पेश गर्ने ।

२. गढवा गाउँपालिकाको स्थानीय भूमि विधेयक, २०८२, गढवा गाउँपालिकामा तिनपाङ्ग्रे सवारी साधान व्यवस्थापन सम्बन्धी विधेयक, २०८२, गढवा गाउँपालिकाको खानेपानी तथा सरसफाई व्यवसथापन सम्बन्धी विधेयक, २०८२ र गढवा गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व विधेयक, २०८२ गाउँसभामा प्रस्तावको रुपमा पेश गर्ने ।

३. कार्यपालिकाबाट चालु आ.व. २०८२/०८३ मा हालसम्म भएका निर्णयहहरुको समर्थन सम्वन्धमा गाउँसभा प्रस्तावको रुपमा पेश गर्ने ।

४. चालु आ.व. २०८२/२०८३ को बजेटमा आवश्यक रकमान्तर तथा बजेट संशोधन सम्बन्धमा वडागत बजेट सम्बन्धीत वडा समितिको निर्णयानुसार र विषयगत शाखाको बजेट विषयगत समितिको सिफारिसमा पेश भई आएकोमा सोही बमोजिम एकमुष्ट विवरण तयार गरि गाउँसभामा प्रस्तावको रुपमा पेश गर्ने ।

५. सेवा करारमा कार्यरत कर्मचारीहरुको २०८२ माघ ०१ गतेदेखि २०८२ असाद मसान्तसम्म म्याद थप गर्ने सम्बन्धमा सभाध्यक्षले प्रस्तावको रुपमा पेश गर्ने ।

**<u>निर्णय नम्बर ४</u>**

गढवा गाउँपालिकाको गढवा स्वास्थय चौकी र उक्त संस्थामा संचालित ईमरजेन्सी सेवा कार्यरत मेडिकल अधिकृत एम.वि.वि.एस. डाक्टरहरुलाई तलब सुविधाको ७५ प्रतिशत र अन्य स्वास्थ्य चौकीमा कार्यरत मेडिकल अधिकृत एम.वि.वि.एस. डाक्टरहरुलाई तलब सुविधाको ५० प्रतिशत रकम प्रोत्साहन सुविधा वापत मासिक रुपमा उपलब्ध गराउने निर्णय गरियो ।

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

## निर्णय नम्बर ५

गढवा गाउँपालिकाको आ.व. २०८१/०८२ को महालेखा परिक्षकको कार्यालयबाट प्राप्त यस गढवा गाउँपालिकाको प्रारम्भिक लेखापरिक्षण प्रतिवेदन उपर दफावर छलफल गरियो । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम ३५ दिन भित्र प्रतिवेदनमा उल्लेख भएका लगति बेरुजु सम्बन्धमा विषयगत शाखाहरुले सरोकारवालाहरुलाई जानकारी गराई बेरुजु फछ्र्यौटको लागि आवश्यक प्रक्रिया अघि बढाउने र सो सम्बन्धमा लेखा समितिको प्रतिवेदन आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर ६

यस गढवा गाउँपालिकाको चालु आ.व. २०८२/०८३ मा नदिजन्य पदार्थको उत्खनन् तथा बिक्रिका लागि प्रारम्भिक वातावरणीय प्रभाव परिक्षण गाउँकार्यपालिकाबाट स्वीकृत भई जिल्ला समन्वय समितिबाट सिफारिस समेत भईसकेको अवस्था रहेकोमा नदि तथा खोलाहरुबाट अवैध रुपमा चोरी निकासी बढीरहेको, विकास निर्माणका कार्यहरु नदिजन्य पदार्थको अभावमा प्रभावित भईरहेको र सामान्य नागरिकले घरनिर्माण तथा अन्य घरेलु प्रयोजनका लागि समेत नदिजन्य पदार्थ उपलब्ध नभएको भनि व्यापक गुनासो प्राप्त भइरहेको सन्दर्भमा लुम्बिनी प्रदेश सरकारको नदिजन्य पदार्थको प्रचलित राजश्वको दरमा वडा कार्यालयहरुबाट आई.ई.ई. गरेका घाटहरुबाट राजश्व बुझिलिई नदिजन्य पदार्थ उपलब्ध गराउने र नदिजन्य पदार्थको अवैध चोरी निकासी रोकी अनियमितता हुन नदिन खोलामा नगर प्रहरीका साथसाथै प्रत्येक वडाबाट वडाको प्रत्यक्ष निगरानीमा रहने गरि देहायबमोजिम हुनेगरि प्रतिदिन रु.६७० का दरले पारिश्रमिक उपलब्ध गराउने गरि हेरालु खटाउने निर्णय गरियो ।

- वडा कार्यालय १ र २ मा प्रति वडा ३/३ जना
- वडा कार्यालय ३, ४ र ५ मा प्रति वडा २/२ जना
- वडा कार्यालय ६ र ७ मा प्रति वडा १/१ जना

## निर्णय नम्बर ७

यस गढवा गाउँपालिकाको तर्फबाट आगामी आ.व. २०८३/०८४ का लागि संघीय समपुरक अनुदान अन्तर्गत तपशिल बमोजिमका योजना छनौट गरि माग गर्ने निर्णय गरियो ।

तपशिलः

१. कालाकाटे विद्यालयमा छात्रावास निर्माण वडा नं. १

२. सुनपुरुवा खजरौटा हुदैं कक्रहवा जोड्ने बाटो कालोपत्रे वडा नं. ५

३. कोटही मन्दिरदेखि स्वास्थ्य चौकी हुदैं बुद्धज्योती रोड कालोपत्रे वडा नं. ६

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

## निर्णय नम्बर ८

यस गढवा गाउँपालिकाको तर्फबाट आगामी आ.व. २०८३/०८४ का लागि संघीय विशेष अनुदान अन्तर्गत तपशिल बमोजिमका योजना छनौट गरि माग गर्ने निर्णय गरियो ।

तपशिल:

१. खाद्य भण्डार भवन निर्माण निरन्तरता

२. जुरौनी कालाकाटे लिफ्ट सिचाई योजना वडा नं. १

## निर्णय नम्बर ९

यस गढवा गाउँपालिकाको तर्फवाट आगामी आ.व. २०८३/०८४ का लागि प्रदेश समपुरक अनुदान अन्तर्गत तपशिल बमोजिमका योजना छनौट गरि माग गर्ने निर्णय गरियो ।

तपशिल:

१. धैरेनी अधुरो बाटो स्तरोन्ती वडा नं. ३ निरन्तरता

२. उठैया अजगढवा घुसकपुरुवा बाटो कालोपत्रे वडा नं. ४

## निर्णय नम्बर १०

यस गढवा गाउँपालिकाको तर्फबाट आगामी आ.व. २०८३/०८४ का लागि प्रदेश विशेष अनुदान अन्तर्गत तपशिल बमोजिमका योजना छनौट गरि माग गर्ने निर्णय गरियो ।

तपशिल:

१. पचाहा गङ्ग्रे खोला तटबन्धन वडा नं. २

२. भोजपुरदेखि लमही जोड्ने रासी नदिमा निर्मित झोलुङ्गे पुलसम्म कालोपत्रे वडा नं. ७

## निर्णय नम्बर ११

नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत सञ्चालन हुने 'नवप्रवर्तन साझेदारी परियोजना' (IPF) प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम अन्तर्गत यस गढवा गाउँपालिकाको तर्फबाट नवप्रवर्तन साझेदारी परियोजना संचालनका लागि तपशिल अनुसार निर्णय गरियो

११.१: नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत सञ्चालन हुने 'नवप्रवर्तन साझेदारी परियोजना' (IPF) मा सहभागिता जनाउन यस गढवा गाउँपालिकाको तर्फबाट तयार पारिएका तपशिलका परियोजनाहरुको अवधारणा पत्र (Concept Note) स्वीकृत गरी मन्त्रालयमा पेस गर्ने निर्णय गरियो ।

तपशिल:

| क्र.सं. | परियोजनाको नाम | परियोजना कार्यान्वय हुने स्थान | अनुमानित लागत | सम्पर्क व्यक्ति |
|---|---|---|---|---|
| १. | दुग्ध विविधिकरण परियोजना | गढवा गाउँपालिका वडा नं. ६ | १ करोड ५० लाख | पशुपन्छि तथा मस्त्य विकास शाखा प्रमुख श्री अनन्तराज रेग्मी |

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

यज्ञ नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| २. | प्रविधिमा आधारित गाउँपालिकाका सामुदायिक विद्यालय स्तरोन्नती | गढवा गाउँपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयहरु | १ करोड ५० लाख | शिक्षा अधिकृत श्री श्याम बहादुर वि.क. |

प्रस्तावित माथि उल्लेखित परियोजना मध्ये मन्त्रलायवाट छनौट भई स्वीकृत परियोजना मात्र सोहीवमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

११.२: प्रस्तावित माथि उल्लेखित परियोजनाको कुल अनुमानित लागत रु. १,५०,०००/- (अक्षरुपी एक करोड पचास रुपैयाँ) मध्ये कार्यविधि बमोजिम गाउँपालिकाले व्यहोर्नुपर्ने ३० प्रतिशतले हुन आउने रकम रु. ३७,५०,०००/- (अक्षरुपी सैतिस लाख पचास हजार रुपैयाँ मात्र) आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेटमा अनिवार्य रूपमा विनियोजन गर्ने सुनिश्चितता गर्दै लागत साझेदारीको प्रतिवद्धता गर्ने निर्णय गरियो।

## <u>निर्णय नम्बर १२</u>: विविध विषय सम्बन्धमा ।

१२.१ चालु आ.व. २०८२/०८३ मा गढवा गाउँपालिका वडा नं. ८ को बजेट तथा कार्यक्रम अन्तर्गत कोइलाबास बाटो फोहरमैला सरसफाई व्यवस्थापन कर्मचारी खर्च शिर्षकको कार्यक्रम कार्यान्वयनको सन्दर्भमा उक्त कार्यक्रम सम्वन्धी प्रस्तावना तयार भई तत् तत् वाट सिफारिस भई आएमा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गरी संचालन गर्ने निर्णय गरियो ।

१२.२ यस गढवा गाउँपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा अत्यधिक चिसोको कारण मिति २०८२/०९/१६ गतेदेखि २०८२/०९/१८ गतेसम्म विदा दिने गाउँ शिक्षा समितिको मिति २०८२/०९/१६ गते वसेको बैठकबाट निर्णय भई बिदा गरिएकोमा उक्त विदाको निर्णय समर्थन गरियो ।

१२.३ यस गढवा गाउँपालिकाको गाउँकार्यापालिकाको कार्यालयमा सहयोग सम्वन्धमा पर्न आएका निवेदन सम्वन्धमा तपशिल बमोजिमका सहयोगहरु तपशिलका कार्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | कार्यालयको नाम | सहयोग गरिने सामाग्री | कै. |
|---|---|---|---|
| १. | जिल्ला समन्वय समितिको कार्यालय,दाङ<br>(च.न.३४६, मिति. २०८२/०९/०८ गतेको पत्रमार्फत माग भई आएको) | sound system | |
| २. | नेपाली सेना, ज्वालागण, भरतपुर दाङ<br>(च.न. ११९७५, मिति २०८२/०९/१६ गतेको पत्रमार्फत माग भई आएको) | १ थान कम्प्युटर सेट | |

निर्णय प्रमाणित गर्ने

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CS CamScanner